# नेपाल राष्ट्र बैंक
## मौद्रिक व्यवस्थापन विभाग
## काठमाडौं

**मिति २०८३ साउन २२ गते रु.६० अर्बको १ महिने निक्षेप संकलन बोलकबोल हुने बारेको सूचना**

यस बैंकले देहाय बमोजिमका विशेषता एवं शर्तहरू कायम गरी ३१ दिनको लागि निक्षेप संकलन उपकरणको बोलकबोल तथा निष्काशन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १. | (क) उपकरणको नाम | : | १ महिने निक्षेप संकलन । |
| | (ख) आह्वान रकम | : | रु.६० अर्ब (साठी अर्ब रुपैयाँ मात्र) । |
| | (ग) बोलकबोल मिति | : | २०८३ साउन २२ गते दिउँसो ३:०० बजेसम्म Online Bidding System Software (OBSS) मार्फत मात्र बोलकबोल हुने । |
| | (घ) निष्काशन मिति | : | २०८३ साउन २२ गते । |
| | (ङ) ब्याजदर | : | बोलकबोलको माध्यमबाट निर्धारण हुने । |
| | (च) साँवा तथा ब्याज भुक्तानी मिति | : | २०८३ भदौ २२ गते । |
| | (छ) बोल गर्न सकिने रकम | : | घटीमा रु. १० करोड र बढीमा १० करोड रुपैयाँले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म । |
| | (ज) धितो सम्बन्धी व्यवस्था | : | यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितोको रूपमा प्रयोग गर्न सकिने । |

२. निक्षेप संकलनको बोलकबोल ब्याजदरमा गर्नुपर्नेछ । बहुब्याजदरमा पनि बहुबोलकबोल गर्न सकिनेछ ।

३. निक्षेप संकलन उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थामात्र सहभागी हुन पाउने छन् ।

४. निक्षेप संकलनको बोलकबोलमा निक्षेपवापत् जम्मा गर्न चाहेको रकम र ब्याजदर (दशमलव पछिको हकमा चार अंकसम्म) उल्लेख गर्नु पर्नेछ ।

५. निक्षेप संकलनको लागि आह्वान गरिएको रकम बाँडफाँड गर्दा बोलबमोजिम सबैभन्दा कम ब्याजदरलाई पहिलो प्राथमिकता क्रममा राखी आह्वान गरेको रकमसम्म क्रमशः बाँडफाँड गरिनेछ ।

६. समान ब्याजदर उल्लेख भएका बोल रकम समावेश गर्दा कुल निष्काशित रकमभन्दा बढी भएमा Pro-rata Basis मा बाँडफाँड गरिनेछ ।

७. आह्वान गरिएको रकममध्ये सम्पूर्ण वा आंशिक रकमको बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार यस विभाग/खुला बजार कारोबार सञ्चालन समितिलाई रहनेछ ।

८. स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरी लिनेछ र बैंकमा संकलित निक्षेपको अलग्गै खाता खोली जम्मा गर्नेछ ।

९. बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्काशन गरिने दिनमा मौज्दात पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलमा सहभागी हुन बन्देज लगाइनेछ ।

१०. निक्षेप संकलन उपकरणको भुक्तानी मितिका दिन निर्धारित ब्याज सहित संकलित निक्षेप रकम सम्बन्धित बैंकको यस बैंक स्थित खातामा जम्मा गरिनेछ ।

११. निक्षेप संकलन गरिएको रकम सम्बन्धित बोलवालाको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइने छैन । तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा गणना गर्न पाइनेछ ।

१२. संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित बोलवालालाई फिर्ता भुक्तानी वा Pre-mature भुक्तानी हुने छैन । विस्तृत जानकारीका लागि यस विभागको फोन नम्बर ०१-५९२५५७२, EXT NO: ३३२६, ३३१८, ३३२० मा सम्पर्क गर्न सकिनेछ ।